नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम**
कार्यक्रम व्यवस्थापन एकाइ
खुमलटार, ललितपुर

फोन नं.: ०१-५४२०३४६
०१-५४२१६१९
इमेल: pmamp.pmu@gmail.com
वेभसाइट: www.pmamp.gov.np

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यक्रम व्यवस्थापन एकाइ खुमलटार, ललितपुर

प.सं. २०८२/८३(योजना शाखा)
च.नं. ९५१

मिति :२०८२/०५/०९

विषय : कृषि तथा पशुपन्छी उद्यमशीलता विकास सञ्चालन कार्यविधि, २०८२ सम्बन्धमा।

श्री राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, सबै (४८)।

प्रस्तुत विषयमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, योजना तथा विकास सहायतता समन्वय महाशाखाको च.नं. ३० मिति २०८२/०५/०८ को पत्रानुसार कृषि तथा उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ मन्त्रालयबाट स्वीकृत भएको हुनाले स्वीकृत कार्यविधि यसै पत्रसाथ संलग्न गरी पठाइएको बेहोरा निर्देशानुसार अनुरोध छ।

.................
माधव पौडेल
योजना अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
योजना तथा विकास सहायता समन्वय महाशाखा
बजेट तथा कार्यक्रम शाखा

☎ ४२११६६५
फ्याक्स ४२११९३५
सिंहदरबार, काठमाडौं, नेपाल

प.सं : यो.ब.का. ०८२/८३
च.नं. : 30

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

मितिः २०८२/०५/०८

विषयः कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ सम्बन्धमा।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम व्यवस्थापन एकाइ, ललितपुर
दर्ता नं. ४०३
मिति : २०८२/५/८

श्री राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम,
कार्यक्रम व्यवस्थापन एकाई,
खुमलटार, ललितपुर।

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट पेश भएको कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ यस मन्त्रालयबाट स्वीकृत भएकोले, स्वीकृत भएको कार्यविधि तहाँ कार्यालयको ईमेल मार्फत पठाईएको वेहोरा जानकारीका लागि अनुरोध छ।

२०८२/०५/०८
सुदिप रेग्मी
बाली संरक्षण अधिकृत

श्री योजना शाखा
सबै का.का. ए. इ. हरुलाई
परिपत्र गर्नै।
०५/०८

प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं. ९३/०८२
दर्ता मिति : २०८२/०५/०५
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

# कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

१. प्रत्यायोजित विधायन जारी गर्ने मन्त्रालयः कृषि तथा पशुपन्छी विकास मन्त्रालय

२. निर्णय गर्ने अधिकारीः मा. कृषि तथा पशुपन्छी विकास मन्त्री

३. निर्णय मितिः २०८२/०५/०२

४. दर्ता नं. र मितिः /०८२, २०८२/ /

कृषि तथा पशुपन्छी क्षेत्रमा साना तथा मझौला कृषि उद्यमहरुको विकास तथा प्रवर्द्धन, रोजगारीका थप अवसरहरुको सिर्जना, कृषि श्रमको उत्पादकत्व वृद्धि र कृषि उद्यमी/युवालाई कृषि क्षेत्रमा आकर्षित गर्न राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम मार्फत् कार्यान्वयन गरिने कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रमलाई प्रभावकारी, पारदर्शी र व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक देखिएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उद्यम" भन्नाले जीविकाका लागि गरिने उपार्जन वा कुनै उद्देश्यको पूरा गर्नका लागि गरिने शारीरिक परिश्रम, सिर्जनात्मक आर्थिक क्रियाकलाप, व्यवसाय तथा साना तथा मझौला उद्योग सम्झनु पर्छ।

(ख) "उद्यमशीलता" भन्नाले कुनै व्यवसाय, उद्यम वा साना तथा मझौला उद्योग सञ्चालनको प्रक्रिया सम्झनु पर्छ।

(ग) "कार्यक्रम" भन्नाले कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सम्झनु पर्छ।

(घ) "कृषि उद्यमी" भन्नाले आय-आर्जन गर्ने उद्देश्यले कृषि, पशुपन्छी तथा मत्स्य व्यवसाय, उद्यम वा साना तथा मझौला उद्योग, सञ्चालन गर्ने व्यक्ति वा समूहलाई सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

(च) "युवा" भन्नाले १६ देखि ४० वर्ष सम्मका नेपाली नागरिकलाई सम्झनु पर्दछ।

(छ) "समिति" भन्नाले यस कार्यविधि बमोजिमका कार्यक्रम/क्रियाकलाप सञ्चालनमा सहजीकरण गर्नका लागि गठित दफा-९ बमोजिमको समिति सम्झनु पर्छ।

३. उद्देश्य: यस कार्यविधि बमोजिम संचालन हुने कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेका छन्:-

सचिव

(क) कृषि क्षेत्रमा युवाको आकर्षण वृद्धि गरी कृषि उद्यम र उद्यमीहरुको विकास गर्ने।

(ख) कृषि तथा पशुपन्छीमा आधारित साना तथा मझौला खालका उद्यम (small and medium scale enterprises) मार्फत रोजगारीका अवसर सिर्जना गर्न सहयोग गर्ने।

(ग) कृषि तथा पशुपन्छीजन्य उत्पादन, प्रशोधन तथा उद्योगका क्षेत्रमा प्रयोग हुने श्रमको उत्पादकत्व (labor productivity) वृद्धि गर्न सहयोग गर्ने।

(घ) कृषि क्षेत्रमा नवप्रवर्तन (innovation) तथा नवीनतम (innovative) प्रविधिहरुको उपयोग र प्रवर्द्धनलाई बढावा दिने।

(ङ) वैदेशिक रोजगारीबाट फर्केका, कृषि विषय अध्ययन गरेका, महिला तथा युवालाई कृषि तथा पशुपन्छीजन्य व्यवसाय/ उद्यम गर्न अभिप्रेरित गर्ने।

## परिच्छेद -२

## कार्यक्रम सञ्चालन हुने क्षेत्र र लक्षित वर्ग

४. **कार्यक्रम सञ्चालन हुने बाली/ वस्तु तथा मूल्य-शृङ्खलाका क्षेत्र :** यस कार्यविधि बमोजिमको कार्यक्रम देहाय अनुसारका बाली/ वस्तु तथा मूल्य-शृङ्खला क्षेत्रहरुमा सञ्चालन गरिनेछः-

(क) तरकारीको व्यावसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण,

(ख) तरकारीको बीउ- बेर्ना उत्पादन, प्रशोधन तथा भण्डारण,

(ग) दुग्धजन्य वस्तुको प्रशोधन तथा विविधिकरण, छुर्पी उत्पादन, भण्डारण तथा निर्यात,

(घ) च्याउ बीउ उत्पादन, च्याउ प्रशोधन, भण्डारण र बजारीकरण,

(ङ) मासुजन्य पदार्थको भण्डारण, प्रशोधन र बजारीकरण,

(च) अदुवा, बेसार र मसलाजन्य बालीको प्रशोधन तथा बजारीकरण,

(छ) मौरीपालन व्यवसाय र मह प्रशोधन,

(ज) जौ, फापर, सिलाम, कोदो, चिनो, कागुनो, लगायत रैथाने बालीको उत्पादन, प्रशोधन तथा बजारीकरण,

(झ) प्राङ्गारिक, गडयौली मल वा जैविक मल उत्पादन तथा बजारीकरण,

(ञ) बागवानी नर्सरी स्थापना तथा विकास, पुष्प व्यवसाय, टिस्यु- कल्चर प्रविधिबाट बीउ र विरुवा उत्पादन गर्ने व्यवसाय,

(ट) फलफूल प्रशोधन र बजारीकरण,

(ठ) खाद्यान्नको बीउ उत्पादन तथा प्रशोधन,

(ड) ग्रीन हाउसभित्र उत्पादन गरिने बालीहरुको उत्पादन, प्रशोधन र भण्डारण,

(ढ) साना तथा मझौला खालका कोल्ड च्याम्बर स्थापना तथा सञ्चालन,

(ण) घाँसबाट हे (Hay), साईलेज (Silage) तथा हेलेज (Haylage) उत्पादन व्यवसाय,

(त) प्राङ्गारिक कृषि बस्तु निर्यात,

(थ) व्यावसायिक पशुपन्छी, मत्स्यपालन, उत्पादन र प्रशोधन,

(द) जैविक विषादी, प्राङ्गारिक विषादी, वनस्पतिजन्य विषादी उत्पादन, प्रशोधन तथा बजारीकरण।



सचिव

५. लक्षित लाभग्राही: यस कार्यक्रमको लक्षित लाभग्राहीका रुपमा कार्यक्रम कार्यान्वयन हुने क्षेत्र तथा जिल्लाका नेपाली युवा कृषक वा कृषि उद्यमी रहनेछन्।

## परिच्छेद -३
## कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया

६. कार्यक्रम सञ्चालन गर्ने निकाय, कार्यक्षेत्र तथा तथा बजेट व्यवस्थापन: (१) यस कार्यविधि बमोजिमको कार्यक्रम कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गतका कार्यक्रम कार्यान्वयन एकाइ मार्फत सञ्चालन गरिनेछ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित कार्यक्रम कार्यान्वयन एकाइको कार्यक्षेत्र रहेको जिल्लाभित्र कार्यक्रम सञ्चालन गर्न स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा बजेट विनियोजन भएको हुनु पर्नेछ।

७. सूचना प्रकाशन तथा प्रस्ताव आव्हान: (१) यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालनका लागि दफा ९ बमोजिमको प्रस्ताव मूल्याङ्कन समितिले दफा ४ मा समावेश भएका बाली/वस्तु तथा मूल्य-श्रृंखलाका क्षेत्रहरु मध्येबाट सम्भाव्य बाली/वस्तुहरुको अध्ययन तथा प्राथमिकीकरण गरी स्वीकृतिका लागि कार्यक्रम कार्यान्वयन एकाइ समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) अनुसार स्वीकृत भएका बाली वस्तुहरुमा कार्यक्रम सञ्चालनका लगि कार्यक्रम कार्यान्वयन एकाइले अनुसूची -१ बमोजिमको ढाँचामा कम्तिमा २१ दिनको समयसीमा तोकी सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नु पर्नेछ।

(३) उपदफा (२) अनुसारको सूचना कार्यक्रम सञ्चालन हुने सम्बन्धित प्रदेशको जिल्लास्थित कृषि/ पशु सेवा क्षेत्र हेर्ने कार्यक्रम कार्यान्वयन एकाइ तथा सम्बन्धित स्थानीय तहका सम्बन्धित कृषि तथा पशुसेवा शाखाहरुमा समेत सूचना टाँस गरी जानकारी गराउनु पर्नेछ।

८. आवेदन तथा प्रस्ताव पेश गर्ने: (१) यस कार्यक्रममा सहभागी हुन ईच्छुक लाभग्राहीले अनुसूची -२ बमोजिमको ढाँचामा आवश्यक सम्पूर्ण कागजात सहितको आवेदन तथा अनुसूची -३ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी तोकिएको समयभित्र कार्यक्रम कार्यान्वनय एकाइमा पेश गर्नु पर्नेछ। ईच्छुक लाभग्राहीलाई प्रस्ताव तयार गर्ने कार्यमा सम्बन्धित कार्यक्रम कार्यान्वयन एकाइले सहजीकरण गर्न सक्नेछ।

(२) सम्झौताका लागि लागत अनुमान तयार गर्दा उत्पादन, प्रशोधन वा बजारीकरणसँग सम्बन्धित क्रियाकलाप अनिवार्य रुपमा समावेश भएको हुनुपर्नेछ। प्रस्तावकले सञ्चालन गर्न चाहेको क्रियाकलापको लागत अनुमान जिल्ला दर रेट अनुसार तयार गर्नुपर्नेछ। जिल्ला दररेट स्वीकृत नभएको अवस्थामा प्रचलित बजार मूल्यलाई आधार लिनु पर्नेछ।

सचिव

९. <u>प्रस्ताव मूल्याङ्कन तथा स्वीकृत गर्ने:</u> (१) तोकिएको समय सीमाभित्र प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गर्न कार्यक्रम कार्यान्वयन एकाइ अन्तर्गत देहाय अनुसारको प्रस्ताव मूल्याङ्कन समिति रहनेछ।

| | |
|---|---|
| प्रमुख, कार्यक्रम कार्यान्वयन एकाइ | -संयोजक |
| प्रमुख वा अधिकृत प्रतिनिधि, प्रदेशको जिल्लास्थित कृषि/ पशु सेवा क्षेत्र हेर्ने कार्यालय | -सदस्य |
| सम्बन्धित जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि | -सदस्य |
| कृषि/ पशु सेवा अधिकृत/ प्राविधिक, कार्यक्रम कार्यान्वयन एकाइ | -सदस्य-सचिव |

(२) समितिले आवश्यक ठानेमा कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश भएका स्थानीय तहहरु मध्येबाट कुनै एकवटा स्थानीय तहका कृषि/पशु सेवा विषय क्षेत्र हेर्ने शाखा प्रमुख वा प्रतिनिधि र एक जना विषय विज्ञलाई बैठकमा सदस्यको रुपमा आमन्त्रित गर्न सक्नेछ।

(३) समितिले अनुसूची -४ बमोजिमका मूल्याङ्कनका मापदण्ड बमोजिम पेश भएका प्रस्तावहरुको मूल्याङ्कन गर्नुपर्नेछ। साथै समितिले आवश्यकता अनुसार थप मापदण्ड तयार गरी मूल्याङ्कन गर्न सक्नेछ।

(४) समितिले प्रस्ताव मूल्याङ्कन गर्दा आवश्यकता अनुसार स्थलगत प्रमाणीकरण गर्नु पर्नेछ।

(५) यस कार्यक्रमको मूल्याङ्कन गर्दा युवा कृषि उद्यमी र वैदेशिक रोजगारीमा जाने क्रममा रहेका वा फर्केकाहरुलाई प्राथमिकता दिईनेछ।

(६) कार्यक्रम कार्यान्वयन एकाइको स्वीकृत वार्षिक कार्यक्रम र अन्य निकायहरुबाट लक्षित लाभग्राहीलाई प्रदान गरिने अनुदानमा दोहोरोपना नहुने गरी समितिले प्रस्तावहरुको मूल्याङ्कन तथा प्राथमिकीकरण गरी स्वीकृतिका लागि कार्यक्रम कार्यान्वयन एकाइमा सिफारिस गर्नु पर्नेछ।

(७) समितिबाट मूल्याङ्कन भई प्राप्त भएका प्रस्तावहरुलाई कार्यक्रम कार्यान्वयन एकाइले स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ।

१०. <u>सम्झौता र कार्यादेश:</u> (१) स्वीकृत भएका प्रस्तावहरु कार्यान्वयनका लागि कार्यक्रम कार्यान्वयन एकाइले अनुसूची - ५ बमोजिमको ढाँचामा लाभग्राहीसँग सम्झौता गर्नेछ।

(२) कार्यक्रम कार्यान्वयन एकाइसँग सम्झौता गर्दा लाभग्राहीले सम्झौता बमोजिम सञ्चालन हुने क्रियाकलापहरुको समयसीमा सहितको कार्ययोजना पेश गर्नु पर्नेछ। पेश भएको कार्ययोजना कार्यक्रम कार्यान्वयन एकाइले स्वीकृत गरेपछि सम्झौताको अभिन्न अङ्ग हुनेछ। सम्झौता र स्वीकृत कार्ययोजना बमोजिम कार्यक्रम कार्यान्वयन एकाइले कार्यादेश दिनु पर्नेछ।

(३) सम्झौतामा उल्लेख भएका शर्तहरु बमोजिम लाभग्राहीले यस कार्यविधि, प्रचलित कानून तथा नर्मसको अधिनमा रही क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ।

११. <u>अनुदानको सीमा तथा भुक्तानी प्रक्रिया:</u> (१) यस कार्यविधि बमोजिम स्वीकृत भएको प्रस्तावको कूल लागतको बढीमा पचास प्रतिशत वा चार लाख रुपैंयाँ मध्ये जुन कम हुन्छ सोही रकम अनुदानको सिमा हुनेछ। सो रकममा प्रचलित कानून बमोजिमको करकट्टी गरी भुक्तानी योग्य रकम मात्र कार्यक्रम कार्यान्वयन एकाइबाट अनुदान स्वरुप लाभग्राहीको बैंक खातामा भुक्तानी



सचिव

गरिनेछ। बाँकी पचास प्रतिशत वा स्वीकृत लागत अनुमान र सम्झौतामा उल्लेख भएको कूल लागत साझेदारी रकम भन्दा बढी रकम खर्च भएको अवस्थामा खर्च हुन आएको रकम अनुदानग्राही स्वयंले व्यहोर्नु पर्नेछ।

(२) लाभग्राहीले स्वीकृत प्रस्ताव अनुसारका क्रियाकलाप सञ्चालन गर्दा खर्च भएको रकम तथा बिल भर्पाईको लेखा राख्नु पर्नेछ। कार्यक्रम सञ्चालन गर्दा खर्च भएको कूल रकम र सम्बन्धित बिल भर्पाइको प्रमाणित छाँयाप्रति आफूसँग राखी सक्कल बिल भर्पाइ अनुदान भुक्तानी र लेखापरीक्षण प्रयोजनार्थ कार्यक्रम कार्यान्वयन एकाइ समक्ष पेश गर्नु पर्नेछ।

(३) लाभग्राहीले सम्झौता अनुसारको काम सम्पन्न गरे पश्चात अनुसूची -६ अनुसारको ढाँचामा कार्यसम्पन्न प्रतिवेदन र कार्यक्रम सञ्चालन भएको स्थानीय तहको कृषि/ पशुसेवा शाखा वा सम्बन्धित वडा कार्यालयको अनुसूची - ७ अनुसारको ढाँचामा सिफारिस पत्र समेत संलग्न गरी भुक्तानीका लागि समयमै निवेदन पेश गर्नु पर्नेछ।

(४) भुक्तानीका लागि प्राप्त कार्य सम्पन्न प्रतिवेदन, अनुगमन मूल्याङ्कन प्रतिवेदन र अन्य सम्बन्धित कागजातको आधारमा सम्बन्धित कार्यक्रम कार्यान्वयन एकाइबाट अनुदान रकम भुक्तानी गरिनेछ।

## परिच्छेद -४

## अनुगमन तथा मूल्याङ्कन, प्रगति प्रतिवेदन र समन्वय

१२. समन्वयः यस कार्यविधि बमोजिमका क्रियाकलाप सञ्चालन गर्न तथा अनुदान प्रवाहमा दोहोरोपना हुन नदिन कार्यक्रम कार्यान्वयन एकाइले सम्बन्धित प्रदेशको जिल्लास्थित कृषि/ पशु सेवा विषय हेर्ने कार्यालय प्रमुख वा प्रतिनिधि, स्थानीय तहका कृषि तथा पशुसेवा शाखा प्रमुख वा प्रतिनिधि वा कार्यक्रम सञ्चालन हुने वडाको पदाधिकारीहरुसँग आवश्यक समन्वय गर्न सक्नेछ।

१३. अनुगमन तथा मूल्याङ्कन र प्रगति प्रतिवेदनः (१) कार्यक्रम कार्यान्वयन एकाईले यस कार्यविधि बमोजिम सञ्चालन हुने क्रियाकलापहरुको एकल रुपमा वा कार्यक्रमका सरोकारवालाहरुको सहभागितामा संयुक्त अनुगमन तथा मुल्याङ्कन गर्न सक्नेछ।

(२) सम्झौता बमोजिमको कार्य प्रगतिबारे लाभग्राही स्वयंले नियमित रुपमा एवं कार्य सम्पन्न पश्चात सात दिनभित्र कार्यक्रम कार्यान्वयन एकाइमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(३) कार्यक्रम कार्यान्वयन एकाइले निर्दिष्ट ढाँचामा स्वीकृत प्रस्तावहरुको प्रगति विवरण अद्यावधिक गरी कार्यक्रम व्यवस्थापन एकाइमा प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ।

## परिच्छेद -५

## विविध

१४. प्रचलित कानून बमोजिम हुनेः (१) यस कार्यविधि बमोजिमका क्रियाकलाप यसै कार्यविधि बमोजिम सञ्चालन हुनेछन्। यस कार्यविधिमा उल्लेख नभएको विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ।

(२) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने लाभग्राहीले प्राप्त अनुदानको दुरुपयोग गरेको वा असम्बन्धित क्षेत्रमा खर्च गरेको पाईएमा प्रचलित कानून बमोजिम हुनेछ ।

१५. <u>कार्यविधिको व्याख्या, संशोधन तथा बाधा अडकाउ फुकाउने:</u> यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कार्यविधि संशोधन गर्नु परेमा संशोधन तथा कुनै द्विविधा उत्पन्न भएमा मन्त्रालयले आवश्यक निर्णय गरी स्पष्ट/ व्याख्या गर्न वा बाधा अडकाउ फुकाउन सक्नेछ।

सचिव

अनुसूची -१

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

**कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना (नमूना)**

नेपाल सरकार

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

**राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम**

**कार्यक्रम कार्यान्वयन एकाइ..........**

सूचना नं. : सूचना प्रकाशित मितिः

**कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना (नमूना)**

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ.............को चालु आ.व. ....... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको **कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम** सञ्चालन गर्नु पर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत **कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२** बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमीहरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन भित्र अर्थात् (मिति ............. गते भित्र) यस कार्यक्रम कार्यान्वयन एकाइ मा अनुसूची -२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूची -३ अनुसारको ढाँचामा कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्ताव दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराईन्छ।

तपसिल

| सञ्चालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रम सञ्चालन हुने क्षेत्र | कार्यक्रम सञ्चालन गर्न सकिने बाली/ वस्तु क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम | कृषि उद्यमी वा १६ देखि ४० वर्ष उमेर समूहभित्रका युवा कृषक | जिल्लाभरि | **कृषि तथा पशुपन्छी उद्यमशीलता विकास** कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा ४ मा उल्लेख भए बमोजिम | प्रस्तावको कूल लागतको बढीमा पचास प्रतिशत वा चार लाख रुपैंयाँ मध्ये जुन कम हुन्छ सोही रकम अनुदान स्वरुप बैंक खातामा भुक्तानी गरिने। |

निवेदन साथ संलग्न कागजातहरुः

(१) कार्यक्रम सञ्चालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।

(२) निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)।

(३) कार्यक्रम सञ्चालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसँग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसँग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौता पत्रको प्रतिलिपि)।

(४) उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यक्रम कार्यान्वयन एकाइ मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ.व.सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।

(५) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।

(६) समूह/सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित समूह/सहकारी संस्थाको सिफारिस पत्र।

सचिव

अनुसूची -२

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

## कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रममा सहभागी हुनका लागि पेश गर्नुपर्ने आवेदनको ढाँचा

मितिः....................

श्रीमान् प्रमुखज्यू
कार्यक्रम कार्यान्वयन एकाइ......................।

विषयः आवेदन पेश गरिएको सम्बन्धमा।

प्रस्तुत विषयमा तहाँ कार्यक्रम कार्यान्वयन एकाइबाट मिति............................मा प्रकाशित सार्वजनिक सूचना बमोजिम कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालनका लागि म/हामी ..........................................................ईच्छुक भएकाले उक्त कार्यक्रममा सहभागी गराई दिनुहुन आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु/छौं।

निवेदकको
नाम, थर :
ठेगाना:
सम्पर्क नं.:

निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु

(१) कार्यक्रम सञ्चालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।
(२) निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)।
(३) कार्यक्रम सञ्चालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसँग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसंग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)।
(४) उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यक्रम कार्यान्वयन एकाइ मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, पछिल्लो आ.व.........सम्मको कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।
(५) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।
(६) कृषक समूह/ सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित कृषक समूह/ सहकारी संस्थाको सिफारिस पत्र।

सचिव

अनुसूची -३

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

**लाभग्राहीले कार्यक्रममा सहभागिताका लागि पेश गर्नुपर्ने प्रस्तावको ढाँचा**

१. प्रस्तावकको नाम :

२. कार्यक्रम सञ्चालन गर्ने ठेगाना : ............जिल्ला : .................... न.पा./गा.पा........वडा नं............टोल

३. प्रस्तावित कार्यक्रम सञ्चालन सम्बन्धी विवरण (बाली/ वस्तु/ मूल्य श्रृंखलाको क्षेत्र):

४. प्रस्तावित कार्यक्रम सञ्चालनको मुख्य उद्देश्य :

५. प्रस्तावित कार्यक्रम सञ्चालन सम्बन्धी अनुभव :....... वर्ष

६. प्रस्तावित कार्यक्रम सञ्चालन हुने क्षेत्रफल/संख्या :

७. प्रस्तावित कार्यक्रमको कुल लागत रु.:

८. हाल प्रस्तावकसँग उपलब्ध स्रोत-साधन तथा पूर्वाधारहरुको विवरण:

९. हाल सम्बन्धित बाली/वस्तुको उत्पादनको कार्य भइरहेको भएमा हाल उत्पादन कार्य भइरहेको क्षेत्रफल वा संख्या: .....................

वार्षिक उत्पादन परिमाणः .......... वार्षिक आम्दानी :.............

हाल सञ्चालित क्रियाकलापहरुको फोटोहरु:

१०. कार्यक्रम सञ्चालन पश्चातको अनुमानित उत्पादकत्वः ................ वार्षिक आम्दानी :.............

११. प्रस्तावकको खाता रहेको बैंक खाता सम्बन्धी विवरण :

१२. प्रस्तावकको स्थायी लेखा नं. सम्बन्धी विवरण:

१३.कार्यक्रम सञ्चालनका लागि गरिने प्रमुख क्रियाकलाप तथा अनुगानित लागत

| क्र.सं. | क्रियाकलाप | एकाइ | परिणाम | दर | कुल लागत रु. | अनुदान माग रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाधार विकास | | | | | | लम्वाइ, चौडाइ, मोटाइ लगायतका लागत अनुमान सम्बन्धी विस्तृत विवरण समेत राख्नु पर्नेछ। |
| १.१. | | | | | | | |
| १.२ | | | | | | | |

सचिव

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | औजार उपकरण | | | | | | सामानको स्पेसिफिकेशन तथा कोटेशन समेत सामेल गर्नु पर्नेछ। |
| २.१ | | | | | | | |
| २.२ | | | | | | | |
| ३ | उत्पादन सामाग्री | | | | | | मल, बीउ, साना औजार वा ज्यालाहरु |
| ३.१ | | | | | | | |
| ३.२ | | | | | | | |
| ३.३ | | | | | | | |
| | जम्मा | | | | | | |

१४. कार्यक्रम स्थलमा सिँचाईको व्यवस्था छ/छैन...... ।छ भने सिँचाईको किसिम.......

१५. कार्यक्रम सञ्चालन हुने स्थल सडकसँग जोडिएको छ/छैन..... ।छ भने सडकको किसिम.......

१६. कार्यक्रम सञ्चालन स्थलमा विद्युतको व्यवस्था छ/छैन...... ....

१७. कार्यक्रमबाट हुने सकारात्मक प्रभाव :

- आय आर्जन :..............प्रति वर्ष
- रोजगारी सिर्जना : .............. जना

१८. कार्यक्रमबाट लाभान्वित हुने सम्भावित कृषक परिवार संख्या : प्रत्यक्ष ....... अप्रत्यक्ष........

१९. कार्यक्रम सम्बन्धी संक्षिप्त विवरण :

(क) आवश्यकता र औचित्य:

(ख) कार्यक्रम सञ्चालन हुने स्थान र क्षेत्रफल सम्बन्धी विवरण:

(ग) कार्यक्रमबाट उत्पादन हुने वस्तुको सूची र अनुमानित परिमाण:

(घ) कार्यक्रमबाट उत्पादित वस्तुको बजार र बजारीकरण प्रक्रिया:

(ङ) कार्यक्रमबाट उत्पादन हुने वस्तुबाट थप हुने आम्दानी तथा कारोवार सम्बन्धी विवरण:

उपर्युक्त बमोजिमको विवरणहरु जाने बुझे सम्म सहि छ। यदि झुठो ठहरिएमा निवेदन स्वतः खारेज भई कानून बमोजिम सहुँला बुझाउँला।

साक्षी

दस्तखत :

नाम :

पद :

फोन नं.:

मिति :

निवेदक

दस्तखत :

नाम :

पद :

फोन नं.:

मिति :

छाप :....................

अनुसूची-४

(दफा ९ को उपदफा (३) सँग सम्बन्धित)

## प्रस्ताव मूल्याङ्कन समितिबाट गरिने मूल्याङ्कनको ढाँचा

लाभग्राही छनौट मूल्याङ्कन मापदण्ड (नमूना)

| क्र.सं. | सूचकाङ्क आधार | अधिकतम सम्भाव्य अङ्क |
|---|---|---|
| अ. | **प्रमुख मापदण्ड (६५)** | |
| १. | प्रस्तावित कार्यले समेट्ने क्षेत्रफल/संख्या | १० |
| २. | सामाजिक एवं लैङ्गिक सहभागिता (महिला, दलित, आदिवासी आदि) | ५ |
| ३. | प्रस्तावित कार्यले उत्पादन वृद्धि, प्रशोधन र बजारीकरणमा पुग्ने सहयोग | १५ |
| ४. | युवा कृषि उद्यमीले सञ्चालन गरिरहेको वा सञ्चालन गर्ने तयारीमा रहेको कृषि उद्यम | १० |
| ५. | प्रस्तावित कार्यले सिर्जना गर्ने रोजगारीको अवसर | ५ |
| ६. | प्रस्तावक विदेशबाट फर्केर कृषि उद्यम सम्बन्धी कार्य गर्न ईच्छुक/ सुरु गरेको वा कृषि/पशु विषय अध्ययन गरी कृषि/पशु उद्यम गरेको | १० |
| ७. | प्रस्तावित बाली/वस्तुको भोगोलिक एवं प्राविधिक उपयुक्तता | १० |
| आ. | **सहायक मापदण्ड (३५)** | |
| १. | प्रस्तावको आवश्यक कागजातको प्रक्रिया पूरा भएको | ५ |
| २. | समान प्रकृतिका अनुदान सहयोग प्राप्त नगरेको | ५ |
| ३. | लक्षित सहभागीले नगद वा वस्तुगत योगदान गर्ने (परिमाण र प्रतिवद्धता) | १० |
| ४. | प्रस्तावित कार्यको सिर्जनात्मकता एवम् नवीनता | ५ |
| ५. | आवेदकको संस्थागत क्षमता तथा कार्य अनुभव | ५ |
| ६. | प्रस्तावित कार्य वजारको माग एवं आवश्यकता अनुरुप रहे/नरहेको | ५ |

*नोटःकार्यक्रमको प्रकृति अनुरुप प्राविधिक समितिले मूल्याङ्कनको मापदण्ड आवश्यकता अनुसार परिमार्जन र विस्तृतीकरण एवं सहायक मापदण्ड बनाउन र सोही अनुसार मूल्याङ्कन गर्न सक्नेछ। साथै उल्लेखित मापदण्ड अनुसार प्रस्ताव मुल्याङ्कन गर्दा समितिले आवश्यकता अनुसार चेकलिस्ट बनाई मुल्याङ्कन गर्न सक्नेछ।*

**निवेदन नं.** **सूचना नंः**

| क्र.सं. | प्रस्ताव पेश गर्ने | प्राप्ताङ्क | | जम्मा प्राप्ताङ्क (१००) | कैफियत |
|---|---|---|---|---|---|
| | | प्रमुख मापदण्ड (६५) | सहायक मापदण्ड (३५) | | |
| | | | | | |
| | | | | | |

नोटः कोष्ठको अंकले अधिकतम जनाउँछ।

**प्रस्ताव मुल्याङ्कन समितिका सदस्यहरुका नाम र दस्तखतः**

| क्र.स. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |

आमन्त्रित सदस्यः

मितिः



सचिव

अनुसूची -५

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

**<u>सम्झौता पत्रको ढाँचा (नमूना)</u>**

........................ कार्यक्रम कार्यान्वयन एकाइ (यस पछिको पहिलो पक्ष भनिएको) र ........... जिल्ला ............ गा.पा./न.पा. वडा नं. ...... ना.प्र.प.नं.................रहेको....................श्री............................... (यस पछि दोश्रो पक्ष भनिएको) बीच....................... कार्यक्रम कार्यान्वयन एकाइ बाट मिति ..........................गते स्वीकृत भएको प्रस्ताव/कार्यक्रम नं.......... मा उल्लेख भएका क्रियाकलापहरु तपशिल अनुसारको शर्त पालना हुने गरी कार्यक्रम सञ्चालन गर्न मञ्जुर भई यो सम्झौता गरेका छौं।

१. यो सम्झौता, सम्झौता भएको मिति ................ देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्ताव/इष्टिमेट बमोजिमको कार्य यथाशीघ्र सञ्चालन गरी मिति............... साल.......... महिना .......... गतेसम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ।

२. दोस्रो पक्षले सम्झौता बमोजिम सञ्चालन गर्ने क्रियाकलापहरुको समय सीमा सहितको पेश गरेको कार्ययोजना यो सम्झौताको अभिन्न अङ्गको रुपमा रहनेछ।

३. यस सम्झौता बमोजिमको निर्माण तथा मर्मत संभार सम्बन्धी कार्य दोस्रो पक्ष आफैंले गर्नुपर्नेछ। दोस्रो पक्ष आफैंले नगरी अन्य व्यक्ति वा संस्थालाई दिन पाईने छैन।

४. सम्झौता बमोजिमको कार्य सम्पादनका लागि पहिलो पक्ष मार्फत, अनुदान स्वरुप रु. .............. (अक्षरुपी ...........................) र दोस्रो पक्षको लागत रु. ................. (अक्षरुपी ...........................) रहनेछ। पहिलो पक्षले भुक्तानी गर्ने अनुदान रकम प्रस्तावित क्रियाकलाप अनुसार कार्यसम्पन्न प्रगति, अनुगमन मूल्याङ्कन प्रतिवेदन र प्राप्त कागजातको आधारमा गराउनेछ।

५. दोस्रो पक्षले सम्झौता बमोजिमको पूर्वाधार निर्माण तथा मर्मत संभारको लागि सम्झौतामा समावेश गरिएको श्रोत बाहेक अन्य कुनै सरकारी, गैह्र सरकारी संघ संस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ। दोहोरो परेको देखिएमा सम्झौता रद्द गर्न सकिनेछ।

६. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नु पर्नेछ र अनुगमन निरीक्षणका क्रममा सहयोग गर्नु पर्नेछ।

७. स्वीकृत प्रस्ताव बमोजिम दोस्रो पक्षले सञ्चालन गर्न चाहेको क्रियाकलाप तथा लागत विवरण खुलाई सर्वसाधारण सबैले देख्ने गरी होडिङ्ग बोर्ड राख्ने जिम्मेवारी दोस्रो पक्षको हुनेछ। दोस्रो पक्षले निर्माण कार्यको सार्वजनिक जानकारीका लागि सार्वजनिक सुनुवाई गराउनु पर्नेछ।

८. दोस्रो पक्षले सम्झौता बमोजिमको निर्माण तथा मर्मत सम्भार सम्बन्धी कार्य सम्झौता अवधि तथा कार्यक्रम सञ्चालन भएको आ.व. भित्र सम्पन्न गर्नु पर्नेछ।

९. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिँदा प्रथम पक्ष समक्ष बिल पेश पश्चात सम्बन्धित दोस्रो पक्षको बैङ्क खातामा भुक्तानी दिइनेछ।

१०. दोस्रो पक्षको लापर्वाहीको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जम्मेवारी दोस्रो पक्षले लिनेछ।

११. दोश्रो पक्षले तोकिएको समयमा कार्य सम्पन्न गर्न नसकेमा सम्झौता बमोजिमको रकम भुक्तानी दिन प्रथम पक्ष बाध्य हुनेछैन।

१२. दोस्रो पक्षले सम्झौताको शर्त र कार्य तालिका बमोजिम ................ मितिसम्म यो सम्झौता बमोजिमको सम्पूर्ण कार्य (डिजाईन र ईष्टिमेट अनुसार) पूर्ण रुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनुपर्नेछ।

१३. सम्झौता बमोजिम कार्य सम्पन्न भई हस्तान्तरण भएको कार्यको मर्मत संभारको जिम्मेवारी दोस्रो पक्षको हुनेछ।



सचिव

१४.सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ।

१५.यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

१६.स्वीकृत प्रस्ताव अनुसार कार्यक्रमबाट उपलब्ध गराइएको अनुदान सहयोग दोस्रो पक्षबाट दुरुपयोग भएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ।

<u>पहिलो पक्ष</u>

दस्तखत :

नाम :

पद :

मिति :

छाप :

<u>दोस्रो पक्ष</u>

दस्तखत :

नाम :

पद :

मिति :

छाप :

<u>रहोवर</u>

दस्तखत :

नाम :

ठेगाना :

मिति :

दस्तखत :

नाम :

ठेगाना :

मिति :

सचिव

अनुसूची -६

(दफा ११ को उपदफा (३) सँग सम्बन्धित)

## कार्य-सम्पन्न प्रतिवेदनको ढाँचा

श्रीमान् प्रमुखज्यू
कार्यक्रम कार्यान्वयन एकाइ......................।

विषयः कार्य सम्पन्न प्रतिवेदन पेश गरिएको सम्बन्धमा।

प्रस्तुत विषयमा यस कार्यक्रम कार्यान्वयन एकाइसँग मिति............................मा भएको सम्झौता बमोजिम **कृषि तथा पशुपन्छी उद्यमशीलता विकास** कार्यक्रम सञ्चालनका लागि म/हामी ........................................................ले स्वीकृत प्रस्ताव बमोजिमका देहाय अनुसारका क्रियाकलापहरु सम्पन्न गरिसकेकाले सम्पादित कार्य विवरण खुल्ने देहाय बमोजिमको कार्य सम्पन्न प्रतिवेदन आवश्यक कारवाहीका लागि पेश गरेको छु/छौं।

कार्य सम्पन्न प्रतिवेदनको ढाँचा

- सञ्चालित प्रस्ताव/कार्यक्रमको नाम:
- कार्यक्रम शुरु गरिएको मिति:
- कार्यक्रम सम्पन्न गरिएको मिति:
- कार्यक्रम सञ्चालन गरिएको स्थान:
- कार्यक्रम सञ्चालन गरेको लाभग्राही/उद्यमीको नाम, थर र सम्पर्क नं:.
- सञ्चालित कार्यक्रमको कुल लागत रु.:
- सञ्चालित कार्यक्रममा कार्य सम्पन्न पश्चात कुल अनुदान प्रवाह भएको रकम रु.:
- लाभग्राही/उद्यमी स्वयमले व्योहोरेको रकम रु.:
- कार्यक्रम सञ्चालनका क्रम सम्पादित प्रमुख क्रियाकलाप सम्बन्धी विवरण:

| सम्पादित क्रियाकलाप | लक्षित संख्या | कार्य सम्पन्न प्रगति | कुल खर्च रकम रु. | प्रमुख उपलब्धिहरु |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

- सञ्चालित कार्यक्रममा समग्रमा प्राप्त प्रमुख उपलब्धिहरु *(व्यवसाय विकास, लाभग्राही संख्या, रोजगारी सिर्जना भएको संख्या, कारोवारमा भएको वृद्धि, आदि सम्बन्धी विवरण उल्लेख गर्ने)*
- अन्य विवरण तथा सल्लाह सुझाव

*यस कार्यक्रम कार्यान्वयन एकाइ सँग भएको मिति ................ को सम्झौता बमोजिम माथि उल्लिखित क्रियाकलापहरु सम्पन्न भए/गरेको ठीक साँचो हो भनी स्वःघोषणा गर्दछु।*

निवेदक
नाम, थर :
ठेगाना:
सम्पर्क नं.:

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची -७

(दफा ११ को उपदफा (३) सँग सम्बन्धित)

## सम्बन्धित स्थानीय तह कृषि/पशुसेवा शाखा वा सम्बन्धित वडाको सिफारिस पत्र (नमूना)

मितिः.....................

श्रीमान् प्रमुखज्यू
कार्यक्रम कार्यान्वयन एकाइ...................... ।

विषय : सिफारिस सम्बन्धमा।

प्रस्तुत विषयमा तहाँ कार्यक्रम कार्यान्वयन एकाइबाट **कृषि तथा पशुपन्छी उद्यमशीलता विकास** कार्यक्रम सञ्चालनका लागि मिति............................गते भएको सम्झौता बमोजिम............................स्थायी ठेगाना भएका.......................... का छोरा श्री ................... नागरिकता प्र.प.नं...................ले तहाँबाट भएको सम्झौता बमोजिम तपसिल बमोजिमका कार्यहरु सम्पन्न गरेकाले नियमानुसार अनुदान रकम भुक्तानीका लागि सिफारिस साथ अनुरोध छ।

**कार्य सम्पन्न विवरण**

| क.सं. | सम्पादित क्रियाकलापको विवरण | सम्पादित परिमाण | कुल खर्च रकम रु | प्रमुख उपलब्धिहरु |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

.........................

सम्बन्धित स्थानीय तह कृषि/ पशुसेवा शाखा/वडा कार्यक्रम कार्यान्वयन एकाइ

सचिव